# STUDENT OPT-OUT FORM FOR 2016-17 SCHOOL YEAR ONLY

## विद्यार्थी अप्ट-आउट फर्म 2016-17 विद्यालय सत्र मात्र

माता-पिता, अभिभावक, र 18 वर्ष वा बढी उमेरका विद्यार्थी हरूलाई

तपाईंको बच्चा को तस्विर लगायतका केही विद्यार्थी विवरणहरू तपाईंको सहमति बिना पनि साझा गर्न सकिने छ। यदि तपाईंको रोचेस्टर सिटि विद्यालय डिस्ट्रिक्ट विद्यार्थी को गोपनीयताको सुरक्षा बारेतपाईंलाई चिन्ता लागेको भए, कृपया ध्यान दिएर यो पत्र पढ्नुहोला। **तपाईंले 2016-2017 विद्यालय सत्रका लागि नयाँ फाराम भर्नु पर्नेछ।**

संयुक्त राज्य सैनिक भर्नाकर्ता, कलेजहरू, तथा हाम्रो विद्यालय हरूमा काम गर्ने बाह्य एजेन्सीहरूले विद्यार्थी को डाइरेक्ट्रि विवरणको अनुरोध गर्न सक्छन्। उक्त समूहहरूमा डिस्ट्रिक्ट ले साझा गर्न सक्ने विवरणमा विद्यार्थी को नाम, ठेगाना, फोन नम्बर, जन्म मिति र स्थान; अध्ययनको प्रमुख विषय; खेलकुद दलका सदस्यको वजन र उचाइ; हाजिरी मितिहरू; प्राप्त गरेको उपाधि र पुरस्कार; तस्विर; तथा विद्यार्थीविगतमा गएको विद्यालयको नाम पर्न सक्छ।

कानूनले माता-पिता वा अभिभावक, वा 18 वर्ष भन्दा बढी उमेरका उच्च विद्यालय का विद्यार्थी हरूलाई यो विवरण खुलासा स्वीकार गर्ने अनुमति दिएको छ। **यदि तपाईं यस्तो विवरण निम्न कुनैपनि वा सबै संस्थाहरूमा साझा गर्न चाहनु हुँदैनभने, कृपया उमेर-उपयुक्त कोठामा चिन्ह लगाएर तलको फाराममा हस्ताक्षर गर्नुहोस्।** प्रत्येक खण्ड मा उपयुक्त ग्रेड तह उल्लेख गरिएको छ।

**यदि तपाईं जानकारी खुलासा गर्न चाहनु हुँदैन भने तपाईंले उपयुक्त कोठाको "होइन" मा चिन्ह लगाएर यो हस्ताक्षरित फारामलाई सेप्टेम्बर 15, 2016 भित्र तपाईंको बच्चा को विद्यालय को मुख्य कार्यालयमा पठाउनु पर्छ।** यदि फाइलमा कुनैपनि कागजात छैन भने, तपाईंले डाइरेक्ट्रि विवरण र/वा फोटो वा भिडियो तस्विरहरू जारी गर्ने अनुमति दिनु भएको अनुमान लगाउने छौं।
***कृपया प्रत्येक बच्चा को लागि एउटा छुट्टै फाराम भर्नुहोस्***

विद्यार्थी को नाम_______________________________________________
विद्यालय _______________________________________________
घरको ठेगाना_______________________________________________
फोन_______________________________
जन्म मिति_____________________ विद्यार्थी ID#_________________________

**निम्न अनुसारलाई डाइरेक्ट्रि विवरण जारी नगर्नुहोस् :** (लागु हुने सबैमा चिन्ह लगाउनुहोस्)

K-12th ग्रेड का विद्यार्थीहरू   o **बाह्य एजेन्सीहरू**   o **कलेजहरू**   o **सैनिक भर्नाकर्ताहरू**

**मेरो बच्चाको फोटो वा भिडियोहरू साझा नगर्नुहोस् :**

यस अतिरिक्त, डिस्ट्रिक्ट ले प्रचार प्रसार प्रयोजनहरूमा विद्यार्थी को नाम, तस्विर, र/वा भिडियो तस्विरहरूको उपयोग गर्न सक्छ। यस भित्र समाचार माध्यम, वा डिस्ट्रिक्ट सञ्चारद्वारा प्रसारित कथाहरू पनि समावेश हुन सक्छ। छुट्टै फोटो जारी फारामहरू आवश्यक छैन। तपाईंले फोटो/भिडियोहरू साझा गर्नबाट रोक्न तलको कोठामा चिन्ह लगाउनु पर्छ।

K-12th ग्रेड का विद्यार्थीहरू   o **तस्विर वा भिडियो तस्विरहरू जारी नगर्नुहोस्**

***यो फाराम भरेर, हस्ताक्षर सहित नाम उल्लिखित विद्यार्थी को विद्यालयमा पठाएर, म डाइरेक्ट्रि विवरण तथा तस्विर वा भिडियो तस्विरको खुलासाका सम्बन्धमा रोचेस्टर सिटि विद्यालय डिस्ट्रिक्ट लाई मेरो इच्छा अनुसार निर्देशित गर्दछु।***

_______________________________ _____________________________ __________
(ठूलो अक्षरमा) माता-पिता वा अभिभावकको नाम*   (हस्ताक्षर) माता-पिता वा अभिभावकको   मिति

**18 वर्ष पुगेका विद्यार्थी ले आफ्नो फाराम आफैं हस्ताक्षर गर्नु पर्नेछ।*

NEPALI